# लमही नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## लमही,दाङ
## ५ न. प्रदेश नेपाल

विद्यालय व्यवस्थापनको जिम्मेदारी र जवाफदेहिताको गहन दायित्व वहन गरि रहनु भएका विद्वत वर्गहरुमा आआफ्नो पदीय, नैतिक, सामाजिक एवं राष्ट्रिय दायित्ववोधका साथ शैक्षिक गुणस्तरमा देखिएका अनपेक्षित परिणामहरुलाई आआफ्नो मन, वचन र कर्मबाट तत्काल र परिणाममुखी सघन प्रयासबाट न्युनीकरण र  परिमार्जन गरी आगामी दिनमा दर्शनीय र मापनीय उपलब्धी विद्यार्थी, विद्यालय, शिक्षक, अभिभावक एवं समग्र नगरले अनुभुती गर्ने गरी स्थापित गर्नु हुने निर्देशात्मक अपेक्षा सहित शैक्षिक सत्र २०७६ को विद्यार्थी भर्ना अभियानलाई प्रभावकारी तुल्याउन एवं शैक्षिक सत्र २०७६ लाई सिकाइ उपलब्धि सुधार वर्षका रुपमा कार्यान्वयनमा लैजानको लागि देहाय बमोजिम २९ बुंदे मार्गदर्शन विद्यालयहरुमा सम्प्रेषण गर्ने र सोही अनुसार नगरपालिकाको शिक्षा कार्यक्रम अगाडि बढाउने गरी मिति २०७५।१२।२८ गते भएको नगर शिक्षा समितिको निर्णय अनुसार अनुरोध गरिन्छ ।

१. नेपाल सरकारले तय गरेको **हाम्रो नगर हाम्रो गाउँ सबै बालबालिकालाई विद्यालय पुर्‍याऔं** भन्ने नारा सहित शैक्षिक सत्र २०७६ को भर्ना अभियान मिति २०७६।०१।०२ देखि संचालन गर्ने । भर्ना अभियान अन्तरगत मिति २०७६।०१।०२ देखि मिति २०७६।०१।०६ गतेसम्म विद्यालयमा नै विद्यार्थी भर्ना गरी सबैको हातहातमा नयाँ पाठ्यपुस्तक प्रदान गर्ने, मिति २०७६।०१।०८ गतेदेखि मिति २०७६।०१।०९ गतेसम्म विद्यालयमा भर्ना हुन नआएका छुट बालबालिकाको पहिचान गरी घरदैलो कार्यक्रम संचालन गरी भर्ना गर्ने र भर्ना गर्न नसकिने अवस्थाका बालबालिकाको तथ्यांक संकलन गर्ने र मिति २०७६।०१।१० गतेदेखि नियमित पठनपाठन संचालन गर्ने ।

२. मिति २०७६।०१।१५ गतेभित्र शैक्षिक सत्र २०७५ को कक्षागत तथा विषयगत सिकाइ उपलब्धि एवं नतिजा विश्लेषण गरी सबैले देख्ने गरी प्रदर्शन गर्ने ।

३. नतिजा विश्लेषण पश्चात उत्कृष्ट शिक्षक एवं उत्कृष्ट विद्यार्थीहरुको पहिचान गरी पुरस्कृत गर्ने एवं सोको विवरण यस कार्यालयमा समेत पेश गर्ने ।

४. अभिभावक भेला गरी गत वर्षको समीक्षा तथा नयाँ शैक्षिक सत्रका योजनाका विषयमा छलफल कार्यक्रम संचालन गर्ने ।

५. नेपाल सरकारको कोषबाट वा विद्यालयको आन्तरिक कोषबाट तलव भत्ता लिने पूर्णकालीन शिक्षक एवं कर्मचारीहरु विद्यालय समयमा अनिवार्य रुपमा विद्यालयमा रही काम गर्ने वातावरण सुनिश्चित गर्ने ।

६. विद्यालय समय विहान १० वजेदेखि ०४ वजेसम्म अनिवार्य लागू गर्ने । हरेक शुक्रबारको दिन मध्यान्तरसम्म अनिवार्य पठनपाठन संचालन गरी बाँकी समय अतिरिक्त क्रियाकलाप संचालन गर्ने ।

७. यस कार्यालयबाट उपलब्ध गराइने नयाँ शैक्षिक क्यालेण्डरको आधारमा वैशाख मसान्तसम्म विद्यालयको वार्षिक कार्यतालिका निर्माण गर्ने ।

८. विव्यस, शिक्षक, विद्यार्थी तथा अभिभावकहरुको आचारसंहिता निर्माण गरी सबैले देख्ने गरी प्रदर्शन गर्ने ।

९. माध्यमिक तहका विद्यालयहरुले २०७६।०१।०२ गतेदेखि अनिवार्य रुपमा विद्युतीय हाजिरीको प्रयोग गर्ने र कुनै अभिलेख राख्नुपर्ने भएमा लगबुकको व्यवस्था गर्ने ।

१०. कक्षा १-३ मा लागू भएको प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने ।

११. विद्यालयको भवन रङरोगन गर्दा शैक्षिक भवनको लागि तोकिएको कलरबाट रंगरोगन गर्ने ।

१२. सबै बालबालिकाको पोर्टफोलियो राख्ने व्यवस्थालाई कार्यान्वयनमा ल्याउने ।

१३. विद्यालय तहमा अध्ययनरत बालबालिकाहरुलाई मोबाइल फोन विद्यालयमा ल्याउने कार्य निषेध गर्ने ।

१४. विद्यालयलाई आवश्यक पर्ने कार्यक्रमको प्राथमिकता निर्धारण गर्ने ।